# भाग २

## श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

२०६० सालको अध्यादेश नं. १२

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत वीरेन्द्रमाला महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम महागौरवमय सुप्रदीप्त वीरेन्द्रप्रजातन्त्रभास्कर परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

## पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानीको सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश

प्रस्तावना: मुलुकले अंगिकार गरेको उदार अर्थतन्त्रको नीति अनुरुप पूर्वाधार संरचनाको निर्माण, सञ्चालन तथा हस्तान्तरणमा निजी क्षेत्रलाई संलग्न गराई सर्वसाधारणलाई भरपर्दो, किफायती र सर्वसुलभ रुपमा सेवा सुविधा उपलब्ध गराउने सम्बन्धमा तत्काल आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएको र हाल संसदको अधिवेशन नभएकोले,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

609

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ७२ अनुसार यो अध्यादेश जारी गरिबक्सेकोछ ।

परिच्छेद-१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस अध्यादेशको नाम "पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी अध्यादेश, २०६०" रहेकोछ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस अध्यादेशमा,-

(क) "पूर्वाधार संरचना" भन्नाले सडक, सुरुङ्ग मार्ग, पुल, खानेपानी संरचना वा प्रशोधन, अस्पताल, नहर, विद्युत उत्पादन गृह, विद्युत प्रसारण लाइन, केबुलकार लाइन, रेल्वे लाइन, ट्रलीवस संरचना, ट्रामवे, सुख्खा बन्दरगाह, जलमार्ग, परिवहन बिसौनीस्थल, विमानस्थल, पर्दशनी स्थल, पार्क, जलासय, बाँध, ढल निकास, फोहोर मैला प्रशोधन तथा व्यवस्थापन प्लान्ट, उर्जा उत्पादन तथा वितरण, रंगशाला, सार्वजनिक सभागृह, वहु आवासीय भवन वा सार्वजनिक गोदाम घर सम्झनु पर्छ र सो शब्दले यस्तै प्रकृतिका अन्य पूर्वाधार संरचना समेतलाई जनाउँछ ।

(ख) "परियोजना" भन्नाले पूर्वाधार संरचनाको निर्माण वा सञ्चालन गर्न यस अध्यादेश बमोजिम कार्यान्वयन गरिने परियोजना सम्झनु पर्छ ।

(ग) "निर्माण" भन्नाले पूर्वाधार संरचनाको निर्माण, विकास वा पुनर्स्थापन गर्ने कार्य सम्झनु पर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) "पुनर्स्थापन" भन्नाले मौजुदा पूर्वाधार संरचनाको मर्मत, विस्तार वा पुनर्निर्माण गरी पुनर्स्थापन गर्ने काम सम्झनु पर्छ ।

(ङ) "सञ्चालन" भन्नाले पूर्वाधार संरचनाको सञ्चालनको लागि आवश्यक पर्ने व्यवस्थापनको काम समेतलाई जनाउँछ ।

(च) "मनसायपत्र" भन्नाले परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा दफा ४ बमोजिम माग गरिएको मनसायपत्र सम्झनु पर्छ ।

(छ) "सर्वेक्षण" भन्नाले परियोजना कार्यान्वयन गर्नको लागि गरिने सर्वेक्षण सम्झनु पर्छ र सो शब्दले परियोजनाको संभाव्यता अध्ययन, इन्जिनियरिङ्ग डिजाइन कार्य र त्यसको लागि गरिने अन्वेषण समेतलाई जनाउँछ ।

(ज) "प्रस्ताव" भन्नाले परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा तयार गरिएको योजना, कार्यक्रम तथा तत्सम्बन्धी अन्य विवरण संझनु पर्छ ।

(झ) "प्रस्तावक" भन्नाले दफा ६ बमोजिम प्रस्ताव पेश गर्ने वा दफा ८ बमोजिम निवेदन दिने व्यक्ति सम्झनु पर्छ ।

(ञ) "सम्झौता" भन्नाले परियोजना कार्यान्वयन गर्न दफा १२ बमोजिम प्रस्तावकसंग गरिएको सम्झौता सम्झनु पर्छ ।

(ट) "अनुमतिपत्र" भन्नाले परियोजना कार्यान्वयन गर्न दफा १५ बमोजिम दिइएको अनुमतिपत्र सम्झनु पर्छ ।

(ठ) "अनुमतिपत्र प्राप्त व्यक्ति" भन्नाले परियोजना कार्यान्वयन गर्न अनुमतिपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ ।

(ड) "बोर्ड" भन्नाले शुल्क पुनरावलोकन गर्न दफा ३४ बमोजिम गठन भएको शुल्क पुनरावलोकन बोर्ड सम्झनु पर्छ ।

मुद्रण विभाग



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६०२

(ढ) "शुल्क" भन्नाले अनुमतिपत्र प्राप्त व्यक्तिले सेवा सुविधा उपलब्ध गराए बापत उपभोक्तासंग लिन पाउने सेवा शुल्क सम्झनु पर्छ ।

(ण) "उपभोक्ता" भन्नाले यस अध्यादेश बमोजिमको सेवा सुविधा उपभोग गर्ने व्यक्ति सम्झनु पर्छ ।

(त) "समिति" भन्नाले दफा ३७ बमोजिम गठन भएको परियोजना समन्वय समिति सम्झनु पर्छ ।

(थ) "मन्त्रालय" भन्नाले परियोजना कार्यान्वयन गर्ने श्री ५ को सरकारको सम्बन्धित मन्त्रालय सम्झनु पर्छ ।

(द) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस अध्यादेश अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद-२
## परियोजनाको कार्यान्वयन सम्बन्धी व्यवस्था

३. **निजी लगानीमा परियोजना कार्यान्वयन गर्न सकिने:** निजी लगानीमा देहायका कुनै तरिकाबाट परियोजना कार्यान्वयन गर्न सकिनेछ :-

(क) निर्माण तथा हस्तान्तरण,

(ख) निर्माण, सञ्चालन तथा हस्तान्तरण,

(ग) निर्माण, स्वामित्वकरण, सञ्चालन तथा हस्तान्तरण,

(घ) निर्माण, हस्तान्तरण तथा सञ्चालन,

(ङ) लिज, सञ्चालन तथा हस्तान्तरण,

(च) लिज, निर्माण, सञ्चालन तथा हस्तान्तरण,

(छ) विकास, सञ्चालन तथा हस्तान्तरण,

(ज) अन्य यस्तै तरिकाबाट ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. मनसायपत्र आव्हान गर्न सक्नेः (१) श्री ५ को सरकारले यस अध्यादेश बमोजिम कुनै परियोजना कार्यान्वयन गर्न उपयुक्त देखेमा तोकिएका कुराहरु खुलाई सार्वजनिक रुपमा सूचना प्रकाशन गरी मनसायपत्र आव्हान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम मनसायपत्र पेश गर्न चाहने व्यक्तिले देहायका विवरणहरु खुलाइ सोही उपदफा बमोजिम प्रकाशित सूचनामा उल्लेखित म्यादभित्र श्री ५ को सरकार समक्ष मनसायपत्र पेश गर्नु पर्नेछ :-

(क) मनसायपत्र पेश गर्ने व्यक्तिको नाम र ठेगाना,

(ख) मनसायपत्र पेश गर्ने व्यक्तिको परियोजना कार्यान्वयन गर्न सक्ने आर्थिक तथा प्रविधिक हैसियत,

(ग) पूर्वाधार संरचना निर्माण तथा सञ्चालन सम्बन्धी अनुभव,

(घ) तोकिए बमोजिमका अन्य विवरण।

५. संक्षिप्त सूची तयार गर्नेः श्री ५ को सरकारले मनसायपत्र प्राप्त भएको मितिले एक महिनाभित्र तोकिएको आधारमा मनसायपत्र पेश गर्ने व्यक्तिहरु छनौट गरी सोको संक्षिप्त सूची तयार गर्नेछ।

६. प्रस्ताव आव्हान गर्न सक्नेः (१) श्री ५ को सरकारले दफा ५ बमोजिम संक्षिप्त सूची तयार गरेपछि सो सूचीमा परेका मनसायपत्र पेश गर्ने व्यक्तिबाट परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा तोकिएका कुराहरु खुलाई सार्वजनिक रुपमा सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्न चाहने व्यक्तिले देहायका विवरणहरु खुलाई सोही उपदफा बमोजिम प्रकाशित सूचनामा उल्लेखित म्यादभित्र श्री ५ को सरकार समक्ष प्रस्ताव पेश गर्नु पर्नेछ :-

(क) परियोजनाको प्रारम्भिक संभाव्यता अध्ययन,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) परियोजनाको प्रारम्भिक इन्जिनियरिङ्ग प्रारुप,

(ग) परियोजनाको अनुमानित लागत,

(घ) परियोजनाको प्रस्तावित वित्तीय स्रोत,

(ङ) परियोजनाको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन,

(च) परियोजना कार्यान्वयन सम्बन्धी विवरण,

(छ) परियोजना कार्यान्वयन गर्दा संभावित जोखिम र जोखिम न्यून गर्ने प्रस्तावित उपायहरु,

(ज) परियोजना कार्यान्वयन सम्बन्धी प्रक्रिया,

(झ) तोकिए बमोजिमका अन्य विवरण ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै परियोजनाको पहिले नै सर्वेक्षण भइसकेको भए श्री ५ को सरकारले दफा ५ बमोजिम सूचीमा परेका मनसायपत्र पेश गर्ने व्यक्तिबाट परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा तोकिएका कुराहरु खुलाई सार्वजनिक रुपमा सूचना प्रकाशन गरी सोझै प्रस्ताव आव्हान गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम प्रस्ताव पेश गर्न चाहने व्यक्तिले तोकिएका विवरणहरु खुलाई सोही उपदफा बमोजिम प्रकाशित सूचनामा उल्लिखित म्याद भित्र श्री ५ को सरकार समक्ष प्रस्ताव पेश गर्नु पर्नेछ ।

७. **प्रस्ताव छनौट गर्ने:** (१) दफा ६ बमोजिम प्रस्ताव प्राप्त भएपछि श्री ५ को सरकारले प्रस्ताव प्राप्त भएको मितिले साठी दिनभित्र देहायका आधारमा प्रस्ताव छनौट गर्नेछ :-

(क) प्रस्तावकको आर्थिक हैसियत,

(ख) प्रस्तावकको प्राविधिक क्षमता,

(ग) परियोजनाको वातावरणीय अध्ययन प्रतिवेदन,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) श्री ५ को सरकारलाई बुझाउने प्रस्तावित रोयल्टी रकम,

(ङ) परियोजना कार्यान्वयन गर्दा उपभोक्तासंग लिने प्रस्तावित शुल्क,

(च) तोकिए बमोजिमका अन्य विवरण ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव छनौट सम्बन्धी आधार श्री ५ को सरकारले प्रस्ताव पेश गर्नु अघि प्रस्तावकलाई उपलब्ध गराइनेछ ।

(३) उपदफा (१) बमोजिम प्रस्ताव छनौट गरेपछि श्री ५ को सरकारले त्यसको जानकारी छिटो साधनद्वारा छनौट भएको प्रस्तावकलाई दिनु पर्नेछ ।

८. वार्ताद्वारा परियोजना कार्यान्वयन गर्न सक्ने: (१) यस अध्यादेशमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले सर्वेक्षण नभएको कुनै परियोजना कार्यान्वयन गर्नको लागि श्री ५ को सरकार समक्ष दिएकोनिवेदन जाचँबुझ गर्दा मनासिब देखिएमा दफा ४ को उपदफा (२) मा उल्लिखित कुराहरु समेत हेरी श्री ५ को सरकारले निवेदकसंग सोझै वार्ता गरी परियोजना कार्यान्वयन गर्न सक्नेछ ।

(२) यस अध्यादेशमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले कुनै परियोजना कार्यान्वयन गर्नको लागि श्री ५ को सरकार समक्ष निवेदन दिएमा त्यस्तो परियोजना कार्यान्वयन सम्बन्धमा प्रस्तावकहरु बीच प्रतिस्पर्धा हुन सक्ने सम्भावना नभएको र सो परियोजना श्री ५ को सरकारको प्राथमिकतामा परी निश्चित अवधिभित्र कार्यान्वयन गरी सक्नु पर्ने भई सो को कार्यान्वयनको लागि आवश्यक बजेट व्यवस्था हुन नसकेको वा यस अध्यादेश बमोजिमको अन्य कार्यविधि अवलम्बन गर्नु भन्दा वार्ताबाट परियोजना कार्यान्वयन गर्न मनासिब देखिएमा सो को कारण खुलाई दफा ४ को उपदफा (२) मा उल्लिखित कुराहरु समेत हेरी श्री ५ को सरकारले निवेदकसंग सोझै वार्ता गरी परियोजना कार्यान्वयन गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपदफा (१) वा (२) बमोजिम वार्ताद्वारा परियोजना कार्यान्वयन गर्दा श्री ५ को सरकारले त्यस्तो प्रस्तावकसंग दफा ६ को उपदफा (२) बमोजिमको विवरण माग गर्नेछ ।

९. **समझदारीपत्र गर्न सकिने** : दफा ७ बमोजिम प्रस्ताव छनौट गरेपछि वा दफा ८ बमोजिम माग गरिएको विवरणका आधारमा परियोजना कार्यान्वयन गर्न उपयुक्त देखिएमा श्री ५ को सरकार र प्रस्तावक बीच परियोजनाको कार्यान्वयन गर्ने समझदारीपत्र गर्न सकिनेछ ।

तर आयोजनाको प्रकृति हेरी श्री ५ को सरकारले प्रस्तावकसंग प्रारम्भिक आयोजना संझौता गर्न सक्नेछ ।

१०. **परियोजनाको विवरण पेश गर्नु पर्ने** : (१) दफा ९ बमोजिम समझदारीपत्र वा आयोजना संझौता गरेकोमा सो समझदारीपत्र वा प्रारम्भिक आयोजना संझौतामा उल्लिखित म्यादभित्र र समझदारीपत्र वा प्रारम्भिक आयोजना संझौता नगरेकोमा आयोजनाको प्रकृति हेरी छ महिनामा नबढ्ने गरी श्री ५ को सरकारले तोकेको म्यादभित्र प्रस्तावकले परियोजना कार्यान्वयन सम्बन्धी देहायका विवरणहरु श्री ५ को सरकार समक्ष पेश गर्नु पर्नेछ :-

(क) परियोजनाको विवरण,

(ख) परियोजनाको विस्तृत संभाव्यता अध्ययन,

(ग) परियोजनाको विस्तृत इन्जिनियरिङ्ग डिजाइन,

(घ) परियोजनाको वातावरणीय अध्ययन प्रतिवेदन,

(ङ) परियोजना चरणवद्ध रुपमा कार्यान्वयन गर्ने भए सोको विवरण,

(च) परियोजना कार्यान्वयन तरीका,

(छ) परियोजना कार्यान्वयन अवधिको खर्च तथा आम्दानीको प्रक्षेपण,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ज) परियोजना कार्यान्वयनको संस्थागत व्यवस्था,

(झ) परियोजना कार्यान्वयन गर्दा उपभोक्तासंग लिइने प्रस्तावित शुल्क,

(ञ) परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा अन्य व्यक्तिसंग कुनै सम्झौता गरेको भए यसको विवरण,

(ट) परियोजना सञ्चालन गर्दा श्री ५ को सरकारलाई बुझाउने प्रस्तावित रोयल्टी,

(ठ) लगानीका सम्भाव्य स्रोत सम्बन्धी विवरण,

(ड) परियोजनाको बीमा सम्बन्धी व्यवस्था,

(ढ) परियोजना कार्यान्वयन हुने क्षेत्र,

(ण) परियोजनाको कार्यान्वयन सम्बन्धमा प्रस्तावकले अवलम्बन गर्ने आर्थिक कार्यविधि सम्बन्धी व्यवस्था,

(त) तोकिए बमोजिमका अन्य विवरण ।

(२) उपदफा (१) बमोजिमको म्यादभित्र प्रस्तावकले सो उपदफा बमोजिमको विवरण पेश गर्न नसक्ने कुनै मनासिब कारण देखाई म्याद थपको लागि श्री ५ को सरकार समक्ष निवेदन दिएमा श्री ५ को सरकारले बढीमा तीन महिनाको म्याद थप गरिदिन सक्नेछ ।

११. __रद्द गर्न सक्ने:__ (१) दफा १० बमोजिमको म्यादभित्र प्रस्तावकले विवरण पेश नगरेमा वा त्यसरी पेश गरिएको विवरण अध्ययन गर्दा परियोजना कार्यान्वयन गर्न सम्भाव्य र उपयुक्त नदेखिएमा श्री ५ को सरकारले त्यसको कारण खुलाई प्रस्तावकसंग समझदारीपत्र वा प्रारम्भिक आयोजना संझौता गरेको भए त्यस्तो समझदारीपत्र वा प्रारम्भिक आयोजना संझौता र समझदारीपत्र वा आयोजना संझौता नगरेकोमा निजको प्रस्ताव रद्द गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम समझदारीपत्र, प्रारम्भिक आयोजना संझौता वा प्रस्ताव रद्द भएमा प्रस्तावकले श्री ५ को सरकारसंग कुनै किसिमको हानी नोक्सानीको दावी गर्न पाउने छैन ।

परिच्छेद-३

अनुमतिपत्र सम्बन्धी व्यवस्था

१२. **सम्झौता गर्ने :** दफा १० बमोजिम प्राप्त विवरणको आधारमा प्रस्तावकसंग सम्झौता गर्न उपयुक्त देखिएमा श्री ५ को सरकारले प्रस्तावकसंग आवश्यकतानुसार वार्ता गरी समितिको सुझाव लिई सम्झौता गर्नेछ ।

१३. **सम्झौतामा खुलाउनु पर्ने कुराहरु:** सम्झौतामा देहायका कुराहरु खुलाउनु पर्नेछ :-

(क) परियोजनाको विवरण,

(ख) परियोजना कार्यान्वयन शुरु गर्ने मिति,

(ग) परियोजनाको निर्माण वा सञ्चालन गर्दा अनुमतिपत्र प्राप्त व्यक्तिले पाउने सुविधा तथा सहुलियत सम्बन्धी कुरा,

(घ) अनुमतिपत्रको अवधि,

(ङ) परियोजना कार्यान्वयनको चरणवद्ध विवरण र कार्यान्वयन तालिका,

(च) परियोजनाको प्राविधिक गुणस्तर तथा स्टाण्डर्ड,

(छ) परियोजना सञ्चालन सम्बन्धी विवरण,

(ज) परियोजना लिजमा दिइएको भए सो को विवरण र लिजका शर्तहरु,

(झ) परियोजनाको सञ्चालन वा हस्तान्तरणको शर्त,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ञ) परियोजना सञ्चालन गर्दा उपभोक्तासंग लिन पाउने शुल्क सम्बन्धी व्यवस्था,

(ट) परियोजनाको बीमा सम्बन्धी व्यवस्था,

(ठ) परियोजनामा जडित मेशिन तथा परियोजना हस्तान्तरणका बखत हुनुपर्ने अवस्था र गुणस्तर,

(ड) श्री ५ को सरकारलाई बुझाउनु पर्ने रोयल्टी र भुक्तानी विधि,

(ढ) परियोजना कार्यान्वयन गर्दा कुनै पक्षले संझौता बमोजिमको दायित्व पूरा नगरेको कारणबाट संझौता रद्द हुने अवस्था,

(ण) अन्य आवश्यक कुराहरु।

१४. **परफर्मेन्स वण्ड सम्बन्धी व्यवस्था:** प्रस्तावकले परफर्मेन्स वण्ड वापत परियोजनाको कूल लागतको ०.२५ प्रतिशत भन्दा कम नहुने गरी सम्झौतामा लेखिए बमोजिमको रकम वा सो बराबरको बैंक ग्यारेन्टी सम्झौतामा उल्लिखित म्यादभित्र श्री ५ को सरकार समक्ष दाखिला गर्नु पर्नेछ।

१५. **अनुमतिपत्र दिने:** दफा १२ बमोजिम सम्झौता गरेपछि श्री ५ को सरकारले प्रस्तावकलाई परियोजनाको कार्यान्वयन गर्न अनुमतिपत्र दिनेछ।

१६. **अन्य व्यक्तिलाई अनुमतिपत्र नदिइने** : परियोजनाको कार्यान्वयन गर्नको लागि कुनै क्षेत्रमा कुनै प्रस्तावकलाई अनुमतिपत्र दिई सकेपछि सोही क्षेत्रमा सो परियोजनालाई प्रतिकूल असर पर्ने गरी त्यस्तै किसिमको परियोजनाको कार्यान्वयन गर्न अन्य व्यक्तिलाई अनुमतिपत्र दिइने छैन।

१७. **अनुमतिपत्रको अवधि:** (१) अनुमतिपत्रको अवधि तीस वर्षमा नबढाई सम्झौतामा लेखिए बमोजिम हुनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विशेष परिस्थिति परी अनुमतिपत्रको अवधि बढाउन आवश्यक भएको कारण खुलाई म्याद थपको लागि अनुमतिपत्र प्राप्त व्यक्तिले निवेदन दिएमा र सो निवेदनको व्यहोरा मनासिव देखिएमा श्री ५ को सरकारले बढीमा पाँच वर्षसम्म अनुमतिपत्रको अवधि थप गर्न सक्नेछ ।

(३) अनुमतिपत्रको अवधि तोकिएको आधारमा निर्धारण गरिनेछ ।

१८. **अनुमतिपत्र रद्द गर्न सक्ने** : (१) अनुमतिपत्र प्राप्त व्यक्तिले सम्झौता बमोजिम परियोजना कार्यान्वयन प्रारम्भ नगरेमा वा यो अध्यादेश वा सम्झौता विपरित अन्य कुनै काम गरेमा श्री ५ को सरकारले अनुमति प्राप्त व्यक्तिलाई सूचना दिई निजलाई दिइएको अनुमतिपत्र रद्द गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र रद्द भएमा अनुमतिपत्र प्राप्त व्यक्तिसंग गरिएको सम्झौता स्वतः रद्द भएको मानिनेछ ।

(३) यस दफा बमोजिम अनुमतिपत्र रद्द भएमा अनुमति प्राप्त व्यक्तिले श्री ५ को सरकारसंग कुनै किसिमको दावी गर्न पाउने छैन ।

१९. **राष्ट्रियकरण नगरिने:** अनुमतिपत्रको अवधिभर कुनै पनि परियोजना र सोसंग सम्बन्धित जग्गा, भवन, उपकरण तथा संरचना राष्ट्रियकरण गरिने छैन ।

२०. **रोयल्टी बुझाउनु पर्ने:** रोयल्टी बुझाउने गरी सम्झौता भएकोमा अनुमतिपत्र प्राप्त व्यक्तिले सम्झौता बमोजिमको रोयल्टी सम्झौतामा उल्लिखित तरिकाबाट श्री ५ को सरकारलाई बुझाउनु पर्नेछ ।

२१. **परियोजना हस्तान्तरण गर्नु पर्ने** : (१) अनुमतिपत्र प्राप्त व्यक्तिले सम्झौतामा लेखिए बमोजिम श्री ५ को सरकारलाई परियोजना हस्तान्तरण गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम परियोजना हस्तान्तरण हुँदा त्यस्तो परियोजनामा जडित मेशिन, उपकरण तथा संरचना सम्झौतामा लेखिए बमोजिमको क्षमता, अवस्था र चालू हालतमा हुनु पर्नेछ ।

२२. **श्री ५ को सरकारको स्वामित्व हुने** : दफा २१ बमोजिम हस्तान्तरण भएको परियोजना र सो संग सम्बन्धित घर जग्गा तथा उपकरणको स्वामित्व श्री ५ को सरकारको हुनेछ ।

२३. **संयुक्त लगानीमा परियोजना कार्यान्वयन गर्न सकिने** : (१) यस अध्यादेशमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारको प्राथमिकतामा परेको कुनै खास परियोजनाको कार्यान्वयन श्री ५ को सरकारको र निजी क्षेत्रको संयुक्त लगानीमा गर्न सकिनेछ ।

तर श्री ५ को सरकारबाट गरिने लगानी परियोजनाको कूल लागतको पच्चीस प्रतिशत भन्दा बढी हुने छैन ।

(२) उपदफा (१) बमोजिम भएको लगानी परियोजना कार्यान्वयन गर्ने निजी क्षेत्रले श्री ५ को सरकारको हिस्सा लिन चाहेमा परियोजनाको प्रचलित मूल्यमा हिसाव गरी दिन सकिनेछ ।

## परिच्छेद-४
## अनुमतिपत्र प्राप्त व्यक्तिको अधिकार

२४. **अन्य व्यक्तिसंग सम्झौता गर्न सक्ने** : (१) अनुमतिपत्र प्राप्त व्यक्तिले परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा श्री ५ को सरकारको स्वीकृति लिई अन्य व्यक्तिसंग सम्झौता गर्न सक्नेछ ।

तर त्यसरी सम्झौता भएको कारणले परियोजना कार्यान्वयन गर्ने दायित्वबाट निजले छूटकारा पाउने छैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम प्रस्तावकले कुनै सम्झौता गरेको भए त्यस्तो सम्झौता भएको मितिले पन्ध्र दिनभित्र सो सम्झौताको प्रतिलिपि श्री ५ को सरकार समक्ष पेश गर्नु पर्नेछ ।

२५. **घर जग्गा आदिमा प्रवेश गर्न सक्ने :** (१) परियोजना कार्यान्वयनको सिलसिलामा अनुमतिपत्र प्राप्त व्यक्तिले कुनै घर, जग्गा, उद्योग, कलकारखाना आदिको भौगोलिक तथा वैज्ञानिक सर्वेक्षण तथा नाप नक्शा गर्न, माटो लगायत अन्य प्राकृतिक स्रोत र साधनको परीक्षण गर्न, त्यसको लागि आवश्यकतानुसार उपकरण जडान गर्न तथा त्यस्तो उपकरणको प्रयोग गर्न, जग्गा छुट्याउन, साँध, किल्ला खडा गर्न वा निशाना लगाउने प्रयोजनको लागि सम्बन्धित धनीलाई अग्रीम सूचना दिई घर जग्गा आदिमा प्रवेश गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम घर जग्गा आदिमा प्रवेश गर्दा सो जग्गामा लगाएको अन्न वाली वा हुर्केका रुख विरुवा काट्नु, उखेल्नु परेमा वा जग्गामा रहेका कुनै छेकवार, पर्खाल, कुनै मेशिनरी औजार आदि हटाउनु, भत्काउनु वा लगाउनु परेमा सोको मनासीब क्षतिपूर्ति सम्बन्धित धनीलाइ दिई अनुमतिपत्र प्राप्त व्यक्तिले सो गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम घर जग्गा आदिमा प्रवेश गर्दा सम्भव भएसम्म सम्बन्धित धनी, सरोकारवाला व्यक्ति तथा सोको कारणबाट प्रभावित हुने व्यक्तिको उपस्थितिमा प्रवेश गर्नु पर्नेछ ।

## परिच्छेद-५
## अनुमतिपत्र प्राप्त व्यक्तिलाई उपलब्ध गराइने सुविधा

२६. **घर जग्गाको प्रयोग गर्न वा कुनै निर्माण गर्न वा कुनै काम गर्न निषेध गर्न सक्ने:** (१) परियोजना कार्यान्वयनको सिलसिलामा परियोजना स्थल र त्यसको निश्चित दूरीमा पर्ने घर जग्गा अरु कसैले कुनै खास कामको निमित्त प्रयोग गर्न वा सो



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६१४

जग्गामा कुनै निर्माण गर्न वा अन्य कुनै काम गर्न नपाउने कुरा सम्झौतामा लेखिएकोमा वा त्यस्तो घर जग्गा सो कामको निमित्त प्रयोग गर्न वा त्यस्तो घर जग्गामा कुनै निर्माण गर्न वा अन्य कुनै काम गर्न निषेध गरी पाउन अनुमतिपत्र प्राप्त व्यक्तिले श्री ५ को सरकार समक्ष निवेदन दिएमा र त्यसरी दिएको निवेदनको व्यहोरा मनासिब देखिएमा श्री ५ को सरकारले प्रचलित कानून बमोजिम त्यस्तो घर जग्गा सो बमोजिम प्रयोग गर्न वा कुनै निर्माण गर्न वा कुनै काम गर्न नपाउने गरी निषेध गर्न सक्नेछ ।

तर त्यसरी निषेध गरेको कारणबाट सम्बन्धित व्यक्तिलाई पर्न गएको हानी नोक्सानी बापतको क्षतिपूर्ति अनुमतिपत्र प्राप्त व्यक्तिले व्यहोर्नु पर्नेछ ।

(२) उपदफा (१) वा दफा २५ को उपदफा (२) बमोजिम दिईने क्षतिपूर्ति निर्धारण गर्नको लागि तोकिए बमोजिमको एक क्षतिपूर्ति निर्धारण समिति रहनेछ र सो समितिले सम्वन्धित व्यक्तिलाई वास्तविक रुपमा पर्न गएको हानी नोक्सानीको मूल्यांकन गरी क्षतिपूर्ति निर्धारण गर्नेछ ।

(३) उपदफा (२) बमोजिम निर्धारण गरिएको क्षतिपूर्तिको रकममा चित्त नबुझ्ने व्यक्तिले सो निर्णयको जानकारी प्राप्त गरेको मितिले पैंतीस दिनभित्र श्री ५ को सरकार समक्ष उजुरी गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम परेको उजुरीमा श्री ५ को सरकारको निर्णय अन्तिम हुनेछ ।

२७. <u>घर जग्गा प्राप्त गरिदिने</u> : (१) अनुमतिपत्र प्राप्त व्यक्तिले परियोजना कार्यान्वयनको लागि आवश्यक पर्ने घर जग्गा आफैले खरीद गर्नु पर्नेछ । त्यसरी खरीद गर्न नसकेमा र सम्झौतामा कुनै घर जग्गा प्राप्त गर्नु पर्ने उल्लेख भएमा श्री ५ को सरकारले अनुमति प्राप्त व्यक्तिको अनुरोधमा त्यस्तो घर जग्गा प्रचलित कानून बमोजिम संस्थालाई जग्गा प्राप्त गरे सरह प्राप्त गरिदिनेछ ।

(२) उपदफा (१) बमोजिम घर जग्गा प्राप्त गर्दा जग्गाधनीलाई दिनुपर्ने क्षतिपूर्ति सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिले व्यहोर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारको स्वामित्वमा रहेको वा सार्वजनिक जग्गा परियोजना कार्यान्वयनको लागि आवश्यक भएमा श्री ५ को सरकारले त्यस्तो जग्गा संभौतामा लेखिए बमोजिम लिज वा बहालमा प्रयोग गर्न दिन सक्नेछ ।

२८. परियोजनाको सुरक्षा गर्न सक्ने : (१) परियोजनाको सुरक्षा अनुमतिपत्र प्राप्त व्यक्ति आफैले गर्नु पर्नेछ ।

(२) अनुमतिपत्र प्राप्त व्यक्तिले विशेष कारण देखाई परियोजनाको ख[illegible] किसिमको सुरक्षाको लागि श्री ५ को सरकारसंग अनुरोध गरेमा सो वापत लाग्ने खर्च अनुमति प्राप्त व्यक्तिले व्यहोर्ने गरी श्री ५ को सरकारले त्यस्तो परियोजनाको सुरक्षाको व्यवस्था गर्न सक्नेछ ।

२९. सहयोग उपलब्ध गराउनु पर्ने : (१) परियोजना कार्यान्वयन गर्ने सिलसिलामा श्री ५ को सरकारले अनुमतिपत्र प्राप्त व्यक्तिलाई उपलब्ध गराउनु पर्ने सहयोग, दिनु पर्ने स्वीकृति वा गरिदिनु पर्ने काम सम्झौतामा उल्लिखित तरिका र अवधिभित्र गरिदिनु वा उपलब्ध गराउनु पर्नेछ ।

(२) परियोजना कार्यान्वयन गर्ने सिलसिलामा अनुमतिपत्र प्राप्त व्यक्तिले कुनै सहयोग माग गरेमा र त्यस्तो सहयोग उपलब्ध गराउन प्रचलित कानून बमोजिम सकिने भएमा सो वापत व्यहोर्नु पर्ने खर्च र दायित्व अनुमतिपत्र प्राप्त व्यक्तिले व्यहोर्ने गरी श्री ५ को सरकारले त्यस्तो सहयोग उपलब्ध गराउन सक्नेछ ।

३०. विदेशी विनिमयको सुविधा: परियोजनाको कार्यान्वयनको लागि ऋण वा शेयर पूँजीको रुपमा विदेशी मुद्रा लगानी भएमा अनुमतिपत्र प्राप्त व्यक्तिलाई त्यस्तो ऋणको साँवा वा ब्याज भुक्तानी गर्न वा लगानी फिर्ता गर्नको लागि आवश्यक विदेशी मुद्रा प्रचलित विनिमय दरमा प्रचलित कानून वमोजिम उपलब्ध गराइनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६.१८

३१. **प्रवेशाज्ञा सम्बन्धी सुविधा:** बिदेशी लगानीकर्ताले परियोजना कार्यान्वयनको लागि यस अध्यादेश बमोजिम अनुमतिपत्र प्राप्त गरेमा निजलाई प्रचलित कानून बमोजिम आवाशीय प्रवेशाज्ञा ( भिसा ) उपलब्ध गराइनेछ ।

३२. **विष्फोटक पदार्थको प्रयोग:** परियोजनाको कार्यान्वयनको लागि विष्फोटक पदार्थको प्रयोग गर्नु परेमा श्री ५ को सरकारले अनुमतिपत्र प्राप्त व्यक्तिको अनुरोधमा निजलाई प्रचलित कानून बमोजिम त्यस्तो विष्फोटक पदार्थ प्रयोग गर्न अनुमतिपत्र दिनेछ ।

३३. **आयकर सम्बन्धी व्यवस्था** : संभौता भएपछि सम्भौता गर्दाको बखत प्रचलित कानून बमोजिम बहाल रहेको आयकर सम्बन्धी व्यवस्था सम्भौताको अवधिभर कायम रहनेछ ।

## परिच्छेद-६

## बोर्डको गठन तथा शुल्क सम्बन्धी व्यवस्था

३४. **बोर्डको गठन** : (१) अनुमतिपत्र प्राप्त व्यक्तिले परियोजना संचालन गर्दा यस अध्यादेश बमोजिम लिन पाउने शुल्क पुनरावलोकन गर्नको लागि श्री ५ को सरकारले अनुमतिपत्र प्राप्त व्यक्ति र उपभोक्ता समेतको प्रतिनिधित्व रहने गरी तोकिए बमोजिमको एक पूर्वाधार संरचना सेवा शुल्क पुनरावलोकन बोर्ड गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने बोर्डका सदस्यहरुको योग्यता, नियुक्ति, निजले पाउने सुविधा तथा बोर्डको कार्यविधि तोकिए बमोजिम हुनेछन् ।

(३) उपदफा (१) बमोजिम बोर्डले शुल्क पुनरावलोकन गर्दा अनुमतिपत्र प्राप्त व्यक्तिले परियोजना कार्यान्वयनको लागि गरेको वास्तविक खर्च र सो वापत प्राप्त गर्न सक्ने मनासिव माफिकको प्रतिफलको आधारमा तोकिए बमोजिम गर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ६९६

(४) उपदफा (३) बमोजिम बोर्डले पुनरावलोकन गरेको शुल्कको दर श्री ५ को सरकारबाट स्वीकृत भएपछि लागू हुनेछ ।

३५. **शुल्क उठाउन पाउने** : अनुमतिपत्र प्राप्त व्यक्तिले सेवा सुविधा उपलब्ध गराए वापत उपभोक्तासंग शुल्क उठाउन सक्नेछ ।

३६. **सेवा सुविधाका शर्त तोक्न सक्ने** : (१) अनुमतिपत्र प्राप्त व्यक्तिले उपभोक्तालाई सेवा सुविधा उपलब्ध गराउंदा यस अध्यादेश वा सम्झौताको अधिनमा रही आवश्यक शर्त तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएका शर्त विपरित उपभोक्ताले सेवा सुविधा उपभोग गर्न पाउने छैन ।

## परिच्छेद-७

## समितिको गठन तथा अन्य व्यवस्था

३७. **समितिको गठन** : (१) परियोजना कार्यान्वयनका सम्बन्धमा समन्वय गर्न तथा परियोजनाको पहिचान तथा प्राथमिकता निर्धारण गर्न श्री ५ को सरकारलाई सुझाव दिनको लागि एक परियोजना समन्वय समिति रहनेछ :-

(२) समितिको गठन देहाय बमोजिम हुनेछ :-

(क) उपाध्यक्ष, राष्ट्रिय योजना आयोग - अध्यक्ष

(ख) सदस्य, राष्ट्रिय योजना आयोग ( सम्बन्धित क्षेत्र हेर्ने) - सदस्य

(ग) मुख्य सचिव, मन्त्रिपरिषद् सचिवालय - सदस्य

(घ) सचिव, अर्थ मन्त्रालय - सदस्य

(ङ) सचिव, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय - सदस्य

(च) सचिव, भौतिक योजना तथा निर्माण मन्त्रालय - सदस्य



६९५
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(छ) सचिव, प्रधानमन्त्रीको कार्यालय - सदस्य

(ज) सचिव, सम्बन्धित मन्त्रालय - सदस्य

(झ) सचिव, राष्ट्रिय योजना आयोगको सचिवालय - सदस्य सचिव

(३) समितिको सचिवालय राष्ट्रिय योजना आयोगको सचिवालयमा रहनेछ ।

(४) समितिले सम्बन्धित विषयमा विशेष ज्ञान हासिल गरेको कुनै व्यक्तिलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

३८. **समितिको बैठक र निर्णय** : (१) समितिको बैठक आवश्यकतानुसार बस्नेछ ।

(२) समितिको बैठक समितिको अध्यक्षले तोकेको समय, मिति र स्थानमा बस्नेछ ।

(३) समितिको सदस्य-सचिवले समितिको बैठक बस्ने सूचनाको साथमा बैठकमा छलफल गरिने विषयहरुको सूची बैठक बस्नु भन्दा तीन दिन अगावै समितिको सदस्यहरुलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरुको उपस्थिति भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिका सदस्यहरुले आफूहरु मध्येबाट छानेको सदस्यले समितिको बैठकको अध्यक्षता गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३९. **परियोजनाको अनुगमन गर्न सक्ने:** (१) समितिले परियोजना कार्यान्वयनको अनुगमन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परियोजना अनुगमन गर्ने सिलसिलामा समितिले दिएको निर्देशनको पालना गर्नु सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिको कर्तव्य हुनेछ ।

४०. **निर्देशन दिन सक्ने** : समितिले परियोजनाको कार्यान्वयनको सम्बन्धमा सम्बन्धित मन्त्रालयलाई समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ ।

४१. **प्राविधिक समिति** : (१) परियोजनाको कार्यान्वयन सम्बन्धमा श्री ५ को सरकारलाई सुझाव दिनको लागि श्री ५ को सरकारले सम्बन्धित मन्त्रालयको सचिवको अध्यक्षतामा सम्बन्धित विषयको विशेषज्ञ समेत रहने गरी बढीमा पांच सदस्य रहेको एक प्राविधिक समिति गठन गर्नेछ ।

(२) प्राविधिक समितिको अध्यक्षले तोकेको संबन्धित मन्त्रालयको कुनै अधिकृत कर्मचारीले प्राविधिक समितिको सचिव भई काम गर्नेछ ।

(३) प्राविधिक समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद-८

## विवादको समाधान र क्षतिपूर्ति सम्बन्धी व्यवस्था

४२. **विवादको समाधान** : (१) परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा श्री ५ को सरकार र अनुमतिपत्र प्राप्त व्यक्ति बीच कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवाद आप समझदारीबाट समाधान गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम आपसी समझदारीबाट विवाद समाधान नभएमा विवादको समाधान सम्झौतामा उल्लेख भएकोमा सोही बमोजिम र उल्लेख नभएकोमा मध्यस्थताद्वारा गरिनेछ ।

(३) उपदफा (२) बमोजिम मध्यस्थताद्वारा विवादको समाधान गर्दा मध्यस्थताको कार्यविधि सम्झौतामा उल्लेख भएकोमा सोही बमोजिम र उल्लेख नभएकोमा प्रचलित कानून बमोजिम हुनेछ ।

४३. **क्षतिपूर्ति सम्बन्धी व्यवस्था:** (१) परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा कुनै पक्षले यस अध्यादेश वा सम्झौता विपरित कुनै काम गरेबाट अर्को पक्षलाई हानी नोक्सानी पर्न गएमा त्यसरी पर्न गएको हानी नोक्सानी बापतको मनासीब रकम सो काम गर्ने पक्षले अर्को पक्षलाई क्षतिपूर्ति बापत बुझाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको क्षतिपूर्ति श्री ५ को सरकारबाट व्यहोर्नु पर्ने भएमा त्यस्तो क्षतिपूर्ति बापतको रकम हिसाब गरी श्री ५ को सरकारले अनुमतिपत्रको अवधि थप गर्न सक्नेछ ।

## परिच्छेद-९

## विविध

४४. **परियोजनाको विवरण राख्नु पर्ने :**(१) श्री ५ को सरकारले समितिको सुझाव लिई दफा ३ बमोजिम कार्यान्वयन गरिने परियोजनाको पहिचान गरी सोको विवरण अद्यावधिक राख्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम विवरण राख्दा श्री ५ को सरकारले सर्भेक्षण भए वा नभएका परियोजनाको छुट्टा छुट्टै विवरण राख्नु पर्नेछ ।

४५. **लिज वा भाडामा दिन वा बेच बिखन गर्न सक्ने:** (१) श्री ५ को सरकारले अनुमतिपत्र प्राप्त व्यक्तिलाई आफ्नो वा श्री ५ को सरकारको स्वामित्वमा रहेको संस्थाको स्वामित्व वा अधिनमा रहेको कुनै घर वा जग्गा लिज वा भाडामा दिन,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कुनै मेशिन, औजार वा पूर्वाधार संरचना बिक्री गर्न वा लिज वा भाडामा दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम लिज वा भाडामा दिंदाका शर्तहरु सम्झौतामा लेखिए बमोजिम हुनेछन् ।

४६. **स्थानीय स्रोत, साधन र जनशक्तिको उपयोग गर्नु पर्ने** : अनुमतिपत्र प्राप्त व्यक्तिले परियोजना कार्यान्वयनको सिलसिलामा सम्भव भएसम्म स्थानीय स्रोत, साधन, जनशक्ति र मुलुकभित्र उत्पादन हुने बस्तु तथा सेवा उपयोग गर्नु पर्नेछ ।

४७. **अध्ययन प्रतिवेदन माथि अधिकार कायम रहने** : दफा ६ बमोजिम प्रस्तावकले प्रस्ताव साथ पेश गरेको अध्ययन प्रतिवेदन सम्बन्धी कागजात उपर निजको पूर्ण अधिकार कायम रहनेछ । प्रस्तावकको लिखित स्वीकृति विना त्यस्तो अध्ययन प्रतिवेदन सम्बन्धी कागजातहरु अन्य कुनै कामको लागि प्रयोग वा प्रकाशन गरिने छैन ।

४८. **नियम बनाउने अधिकार** : यस अध्यादेशको उद्देश्य कार्यान्वयन गर्न श्री ५ को सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

४९. **बचाउः** यो अध्यादेश प्रारम्भ हुँदाका बखत सार्वजनिक पूर्वाधार संरचना निर्माण, सञ्चालन तथा हस्तान्तरण सम्बन्धी नीति, २०५७ बमोजिम परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा श्री ५ को सरकारबाट भए गरेका काम कारबाहीहरु यसै अध्यादेश बमोजिम भए गरेको मानिने छन् ।

**लालमोहर सदर मिति: २०६०।५।१६**

**आज्ञाले,**
**हरिप्रसाद न्यौपाने**
**श्री ५ को सरकारको का.मु. सचिव**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।